म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २५१ २०८१ साउन १९ गते शनिबार 3 August 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-




## मउवासंघले उपमहानगरलाई बुझायो ज्ञापनपत्र

# करको दर नघटाए आन्दोलनको चेतावनी



नगर उपप्रमुख राजेश बानियाँलाई ज्ञापनपत्र बुझाउनुहुँदै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि व्यवसाय कर, घरबहालदरमा अस्वभाविक वृद्धि गरेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ) ले शुक्रबार हेटौंडा उपमहानगरपालिकामा ज्ञापनपत्र बुझाएको छ । संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा व्यवसायीको एक समूहले हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामालाई ज्ञापनपत्र बुझाउने कार्यक्रम थियो । नगरप्रमुख लामा कार्यकक्षमा अनुपस्थित हुनुभएपछि व्यवसायीले हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँलाई ज्ञापनपत्र बुझाएको छ ।

व्यवसाय, उद्यम शिथिल र कमजोर अवस्थामा रहेको स्मरण गराउँदै संघले हेटौंडा उपमहानगरपालिकाले एकपछि रुपमा विभिन्न शीर्षकमा भएका राजश्व, कर र घरबहालदरमा वृद्धि भएको भन्दै वृद्धि भएको कर भुक्तान गर्न नसक्ने स्पष्ट पारेको छ। उपमहानगरले अस्वभाविकरुपमा बढाएको करहरु तुरुन्त घटाई साविककै दरमा राख्न संघले आग्रह गरेको छ । उद्योगी, व्यवसायीको आग्रहलाई बेवास्ता गरिए आन्दोलन गर्ने संघले चेतावनी समेत दिएको छ । यस्तो विषम् परिस्थितिमा करको दर नभई दायरा बढाउन संघले आग्रह गरेको छ ।

ज्ञापनपत्र बुझाएपछि उपप्रमुख बानियाँसँगको अनौपचारिक छलफलका क्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोद सिंह रानाभाटले उपमहानगरको राजश्व परामर्श समितिको बैठकमा व्यवसायीका सुझावका आधारमा भएका निर्णय कार्यान्वयन नभएको भन्नुहुँदै समितिकै औचित्यमाथि प्रश्न उठाउनुभयो । "समितिमा व्यवसायीको सहभागिता गराउने, सरसल्लाह र निर्णय गर्ने अनि कार्यान्वयन नहुने हो भने किन समिति चाहियो ?", उपाध्यक्ष रानाभाटले भन्नुभयो, "नगर सभा नै अन्तिम भए परामर्श समिति किन चाहियो ?" उपमहानगरले आम्दानीका स्रोत व्यवस्थापन गर्न नसकेको उल्लेख गर्नुहुँदै चौतर्फी मारमा रहेका व्यवसायीलाई करको भार बढाउने निर्णय मान्य नहुने उल्लेख गर्नुहुँदै करको दर साविककै कायम गर्न उहाँले जोड दिनुभएको छ ।

अर्का उपाध्यक्ष उज्वल चौलागाईले उपमहानगरको निर्णय तुरुन्त नसच्याइए व्यवसायी आन्दोलनमा जान बाध्य हुने बताउनुभयो । खानेपानीमा छुट दिने सरकारले १५० प्रतिशतसम्म कर बढाउनुपर्ने कस्तो अवस्था आयो भन्दै चौलागाईले उपप्रमुख बानियाँलाई प्रश्न गर्नुभयो । संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले परामर्श समितिको निर्णय उल्लंघन भएको भन्दै आपत्ति जनाउनुभयो। संघको तर्फबाट अग्रवाल नै राजश्व परामर्श समितिमा प्रतिनिधिको रुपमा सहभागी हुनुभएको थियो ।

उपमहानगरपालिकाको राजश्व शाखाका प्रमुख मनोज सुवेदीले नगर सभाले पारित गरेर लागु भइसकेको करको दर अहिले नै सच्याउन गाह्रो हुने उल्लेख गर्नुभयो । पालिकामा आउने प्रशासकीय अधिकृतहरु पर्यटकको रुपमा आएर नयाँ कुरा निर्णय गरेर जाने अनि कार्यान्वयनमा समस्या हुने गरेको सुवेदीको जीकिर छ ।

ज्ञापनपत्र बुझ्ने व्यवसायीका कुरा समेत सुनेपछि उपप्रमुख बानियाँले देशका ११ वटा उपमहानगरपालिका मध्ये हेटौंडा उपमहानगरपालिका न्युन आय भएको उपमहानगरको रुपमा रहेको बताउनुभयो । आफू पनि व्यवसायी पृष्ठभूमिकै भएको उल्लेख गर्नुहुँदै उहाँले अहिले २० प्रतिशत मात्रै व्यवसाय चलिरहेको भन्ने जानकारी आफूलाई रहेको बताउनुभयो । करको दर हेरफेर गर्न नगर सभा नै बोलाउनु पर्ने र त्यो जटिल हुने उहाँको भनाइ छ ।

व्यवसायीले नगर क्षेत्रमा सञ्चालनमा रहेका व्यवसायको वर्गीकरण र वृद्धिको आधार के हो भनी उपप्रमुख बानियाँसँग प्रश्न गरेका थिए । व्यवसाय नै बन्द गर्नुपर्ने अवस्थाका व्यवसायीमाथि स्थानीय सरकारले करको दरमा उल्लेख्य वृद्धि गरी थप पीडा थपिदिएको भन्दै गुनासो गरेका छन् ।

## बागमती प्रदेश

# आयोगले टेरेन संसदीय समितिलाई

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको प्रदेश लोकसेवा आयोगले संसदीय समितिलाई अटेर गर्दै आएको छ । आयोगको क्रियाकलाप माथि छलफलका लागि संसदीय समितिले पत्राचार गर्दा समेत अनुपस्थित हुने गरेको हो ।

आयोगले संसदीय समितिको निर्देशन र पत्राचारको बेवास्ता गर्ने गरेको छ । आयोगले समयसीमा भित्र संसदीय समितिलाई वार्षिक प्रतिवेदन पेश नगर्ने, छलफलमा उपस्थित नहुने, निर्देशन र सुझावहरु कार्यान्वयन नगर्ने गरेको हो । साउन १६ गते बुधबार बसेको प्रदेश मामिला समितिको बैठकमा पनि प्रदेश लोकसेवा आयोगको चौथो प्रतिवेदन माथि छलफल हुने कार्यसूचि रहेको थियो । सोही अनुसार आयोगमा पत्राचार गरिएको थियो । तर, आयोगका पदाधिकारी तथा कर्मचारी उपस्थित भएनन् ।

समितिका सभापति छिरिङ दोर्जे लामाले आयोगबाट कर्मचारी प्रतिनिधि मात्र भएपनि बोलाउन निर्देशन गरेपछि प्रदेशका प्रमुख सचिव गोविन्द बहादुर कार्कीको फोनमा बैठक सुरु भएको १ घण्टा पछि २ अधिकृत उपस्थित भएका थिए । त्यसअघि नै बुधबार बसेको प्रदेश मामिला समितिको बैठकमा उपस्थितिका लागि पत्राचार गरिएको गरिएको थियो । तर, आयोगबाट कोही पनि उपस्थित भएनन् । समितिको पत्राचारको जवाफमा आयोगले पुनः अर्को पत्र पाएको थियो । जसमा आयोगको पदाधिकारी अपूर्ण रहेको र कार्यबोझका कारण उपस्थित हुन नसक्ने व्यहोरा उल्लेख गरिएको थियो ।

संसदीय समितिका सभापति लामाका अनुसार आयोगले साउन १६ मा उपस्थितिका लागि गरिएको पत्राचारमा नवौं तहको अन्तरवार्ताको कार्यक्रम काठमाडौंमा निर्धारण गरिएकाले उपस्थित हुन नसक्ने भनेर पत्रको जवाफ पठाएको थियो । आयोगमा पदाधिकारीको संख्या अपूर्ण रहेको र अध्यक्ष नभएकाले वरिष्ठतम् सदस्यले अन्तरवार्ताको संयोजकत्व गर्नुपर्ने भएकाले उपस्थित हुन नसक्ने जनाएको उहाँले बताउनुभयो । आयोगका पदाधिकारीमा हाल २ सदस्य मात्र रहेको पत्रमा उल्लेख गरिएको सभापति लामाले बताउनुभयो ।

लामाका अनुसार यसअघिको बैठकमा समेत आयोगका पदाधिकारीहरु उपस्थित भएका थिएनन् । आयोगका पदाधिकारी उपस्थित नहुँदा समितिले तयार पारेको निर्देशन सहितको प्रतिवेदन बुझाउन नपाएको उहाँले बताउनुभयो । अर्को बैठक आयोगका पदाधीकारीको अनुकुलतामा राखेर सो निर्देशन र सुझाव पठाइने उहाँको भनाइ छ ।

### ऐनका प्रावधानले जटिलता

हेटौंडाः बैठकमा प्रदेश लोकसेवा आयोगका नवौं तहका अधिकृत गणेशलाल महर्जनले कानुन स्पष्ट नहुँदा अदालतमा मुद्धा परेकाले आयोगको केही कामहरु प्रभावित भएको जानकारी दिनुभयो । सेवा प्रवेश उमेर हदका कारण आयोग विरुद्ध मुद्धा पर्दा ३४ सेवा समूहका विज्ञापन भएर परीक्षा रोकीएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार ऐनमा सहायक चौथो तहका पदको पदपूर्तिको व्यवस्था नभएकाले स्थानीय तहले माग गर्दा समेत प्रक्रिया अघि बढाउन सकिएको छैन । ऐनमा चौथो तहका पदहरु श्रेणिविहीन हुने व्यवस्था रहेको र आन्तरिक बढुवाबाट सतप्रतिशत पदपुर्ति हुने भनिएकाले माग गर्दा पनि विज्ञापन गर्न नसकिएको उनले बताए ।

'स्वस्थ्य सेवामा उमेर हद सम्बन्धी मुद्धा चलिरहेको छ । सो विषयमा उच्च अदालतमा २०८० फागुन १४ मा रिट निवेदन परेको छ । प्रदेश ऐनले सेवा प्रवेश उमेर हद ३५ भनेको छ भने संघीय निजामती ऐनमा ४५ कायम गरिएको छ । जसका कारण ३४ वटा सेवा समुहका विज्ञापन भई फारम संकलन भएपनि परीक्षा संचालन हुन सकेको छैन', उहाँले भन्नुभयो, 'ऐनका कारण विज्ञापनमा पनि समस्या भएको छ । ऐनमा सहायक चौथो तहको कुनै व्यवस्था नगरेका कारण स्थानीय तहले विज्ञापन गर्न आग्रह भएपनि काम गर्न सकिएको छैन । सहायक चौथो तहको वन, कृषि, स्वास्थ्य सेवा सतप्रतिशत आन्तरिकबाट हुने व्यवस्था गरिएको छ । ऐनको व्यवस्था परिमार्जन गर्न सके आन्तरिक बढुवा भएर बाँकी रहेका पद खुल्लाबाट पदपुर्ति गर्न सकिन्छ ।'

## कक्षा १२ को नतीजा सार्वजनिक

# मकवानपुर क्याम्पसकी प्राश्नाले ल्याइन् ३.९२ जीपीए

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा शुक्रबार सार्वजनिक गरेको छ । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार नियमिततर्फ ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएका छन् । यस्तै नन ग्रेडेड अर्थात् अनुत्तीर्ण हुने विद्यार्थीको संख्या ४७ दशमलव ०९ प्रतिशत रहेको छ ।

यस वर्ष कक्षा १२ को परीक्षामा नियमिततर्फ सहभागी तीन लाख ९० हजार आठ सय ६८ विद्यार्थीमध्ये दुई लाख तीन हजार आठ सय ४७ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । यसैगरी ग्रेड वृद्धितर्फ २०७८/७९ का २८ दशमलव २६ प्रतिशत र २०७६/०७७ का ६२ दशमलव ०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । गएको वैशाख १४ गतेदेखि शुरु भएको परीक्षामा जम्मा चार लाख ९१ हजार चार सय ९७ जना विद्यार्थी सहभागी थिए । अघिल्लो वर्षको परीक्षामा २०७९ सालमा ५१ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

शुक्रबार सार्वजनिक भएको नतीजाअनुसार हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसकी छात्रा प्राश्ना दाहालले ३.९२ जीपीए हासिल गरेकी छिन् । दाहाल सम्भवतः मकवानपुर जिल्लाकै सबैभन्दा बढी जीपीए ल्याउने विद्यार्थी हुन् । मकवानपुर बहुमुखी क्याम्पसबाट एक हजार दुई सय ४२ जना विद्यार्थी सहभागी भएकोमा पाँच सय ११ जना विद्यार्थी उत्तीर्ण भएका छन् । यस्तै हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट एक हजार तीन सय चार जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा एक हजार एक सय ३१ जना उत्तीर्ण भएका छन् । म्यानेजमेन्टबाट प्रतिक ढुंगानाले सबैभन्दा बढी ३.८८ जीपीए ल्याएका छन् ।

मकवानपुर जिल्लाका करिब ५० वटा शैक्षिक संस्थाबाट कक्षा १२ को वार्षिक परीक्षामा विद्यार्थी सहभागी भए छन् । वार्षिक परीक्षाको नतीजाअनुसार जिल्ला र पालिकागत विवरण भने सार्वजनिक हुन सकेको छैन । राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालयले शनिबारसम्ममा जिल्लाको विवरण तयार हुने जनाएको छ ।

# समृद्ध समाज दैनिक 'क' वर्गमा



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानीबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिक प्रेस काउन्सिल नेपालको वार्षिक संपरीक्षणमा 'क' वर्गमा परेको छ । काउन्सिलले आर्थिक वर्ष २०७८/७९ को वार्षिक संपरीक्षणको प्रारम्भिक नतीजा शुक्रबार सार्वजनिक गरेको हो । यसअघि पनि समृद्ध समाज दैनिक 'क' वर्गमै कायम थियो ।

काउन्सिलले पत्रिका वितरण, पत्रिकामा समावेश भएका समाचार र विचारलाई आधार बनाएर वार्षिकरुपमा मूल्यांकन गर्ने गरेको छ । 'क' वर्गमै समावेश भएको नतीजा सार्वजनिक हुनुलाई पत्रिकामा आवद्ध सबैको मिहिनेत र परिश्रमको प्रतिफल भएको सम्पादक सुरेश श्रेष्ठले बताउनुभएको छ । पाठकबीच लोकप्रिय, लेखकहरुले समेत आफ्ना विचार सम्प्रेषण गर्ने माध्यमको रुपमा समृद्ध समाज दैनिकलाई नै रोज्दै आउनुले पनि 'क' वर्गमा समावेश हुने आधार भएको सम्पादक श्रेष्ठको भनाइ छ ।

समृद्ध समाज दैनिकले शिक्षा, स्वास्थ्य, खेलकुद, स्थानीय सरकार, पालिका र जिल्ला तहको समग्र विकासको सन्दर्भलाई प्राथमिकता दिँदै आएको छ । सहयोगी, शुभेच्छुकप्रति आभार व्यक्त गर्नुहुँदै सम्पादक श्रेष्ठले आगामी दिनमा पनि समृद्ध समाज दैनिकलाई आम पाठक माझ थप लोकप्रिय पत्रिकाको रुपमा स्थापित गर्ने अठोट गर्नुभएको छ ।

प्रेस काउन्सिलले सार्वजनिक गरेको वर्गीकरणको विवरणअनुसार हेटौंडाबाट प्रकाशन हुँदै आएको साझा कुरा दैनिक र हेटौंडा सन्देश दैनिक पनि 'क' वर्गमा परेको छ भने प्रदेश दैनिक ख वर्गमा परेको छ । यस्तै ६ वटा साप्ताहिक पत्रिका 'ख' वर्गमा परेको छ भने ६ वटा 'ग' वर्गमा परेको छ । हाम्रो मातृभूमि र अक्षय अक्षर त्रैमासिक साहित्यिक पत्रिका 'क' वर्गमा परेको छ भने लोकभावना त्रैमासिक 'ख' वर्गमा परेको छ । एउटा पाक्षिक पत्रिका 'ग' वर्गमा परेको छ ।

काउन्सिलमा वार्षिक वितरण संपरीक्षणका लागि दर्ता भएका ९ सय वटा पत्रपत्रिकामध्ये सात सय ९३ वटा पत्रपत्रिका वर्गीकरणमा परेका जनाएको छ । ७० वटा पत्रपत्रिकाको कागजात नपुगेको, ३७ वटा हुबहुमा परेको काउन्सिलले जनाएको छ ।

## बागमतीका प्रदेश प्रमुख देवकोटाद्वारा पदभार ग्रहण

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका नवनियुक्त प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले पदभार ग्रहण गर्नुभएको छ । शुक्रबार प्रदेशको राजधानी हेटौंडास्थित प्रदेश प्रमुखको कार्यालयमा औपचारिक रुपमा उहाँले पदभार ग्रहण गर्नुभएको हो ।

साउन १४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार प्रदेश प्रमुख पदमा नियुक्त हुनुभएका देवकोटाले साउन १७ गते बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलबाट सपथ ग्रहण गर्नुभएको थियो । एमाले-काँग्रेस गठबन्धनको सरकार गठनपछि प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले यादवचन्द्र शर्मालाई हटाएर देवकोटालाई प्रदेश प्रमुखमा नियुक्त गर्ने निर्णय गरेको हो । देवकोटा नेकपा एमालेको केन्द्रीय अनुशासन आयोगको सदस्य हुनुहुन्थ्यो । उहाँ धनगढीका स्थानीय हो । देवकोटा बागमती प्रदेशको चौथो प्रदेश प्रमुख हुनुभयो ।

प्रदेश प्रमुखको पदभार ग्रहण समारोहमा प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, सभामुख भुवनकुमार पाठक, प्रदेशका मन्त्री तथा सचिवहरु तथा कर्मचारीहरुको उपस्थिती रहेको थियो । सोही अवसरमा निवर्तमान प्रदेश प्रमुख शर्माको विदाई समेत गरिएको छ । शर्माले ३ वर्ष प्रदेश प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल निकट शर्मा २०७८ भदौ ४ मा प्रदेश प्रमुख नियुक्त हुनुभएको थियो ।


# तुलसी घिमिरेको गजलसङ्ग्रह ‘घामका फुलहरु’



डीबी बर्तौला

नेपाली साहित्यमा प्रगतिशील विचार धारालाई आत्मसाथ गर्ने अग्रज साहित्यकार तुलसी घिमिरे (वि.सं. २०११) जो आफ्नो नाममा देश, माटो, उज्यालो र शृङ्गारिकतालाई सप्रेम लेख्न रुचाउँछन् । फुलका कुरा जुनका कुरा (गीत सङ्ग्रह-२०७१) माटोको मोह (कविता सङ्ग्रह-२०८०) प्रकाशन गरिसक्नु भएका अग्रज कवि तुल्सी घिमिरेको ‘घामका फुलहरु’ गजलसंग्रह हालै सार्वजनिक भएको छ । लामो समय नेपाली भाषा साहित्यमा कलम चलाउनु भएका घिमिरेका आवाज र लेखमा तीव्र रुपमा राष्ट्रियता प्रस्तुत भएको पाइन्छ भने घामका फुलहरु गजल संग्रहमा श्रृङ्गारिकताले दह्रो रुपमा प्रभाव जमाएको स्पष्ट हुन आउँछ ।

गजल मञ्च मकवानपुरले प्रकाशनमा ल्याएको यस पुस्तकमा आफ्नो उमेर जतिकै ७० वटा गजलहरु समावेश भएका छन् । ७० को सेरोफेरोमा हिँड्दै गर्नुभएका परिपक्व गजलकारका गजलहरुमा जवानीको रसात्मक अभिव्यक्तिहरु भेट्न सकिन्छ । उहाँ पहिलो गजलमा प्रकाशित प्रेम गरे तापनि सिउँदोमा सिन्दुर भर्न नपाएकोमा दुखेसो र हारको अनुभुति गर्नु भएको छ । उहाँका गजलमा आफुलाई सधैं कुनै न कुनै तवरबाट सहयोग गर्ने प्रियसी गाउँ छोडी गएकोले अति धेरै याद आएको प्रसङ्ग पाइन्छ । जिवनका तितामिठा पलहरु भुल्न नसकिने अनुभव उहाँका गजलमा पाइन्छ । आमाको सन्तानप्रतिको त्याग तपस्यालाई देखाउँदै सन्तानको वैगुनी स्वरुपलाई पर्दाफास गर्नु भएको छ । आशा र प्रेमले भिजाएर सपना देखाउनेले नै माया मारेर जाँदा रहेछन् । सहर बेइमामी छ र जिन्दगी नि सजिलै बित्न सक्छ भनी गजलकारले आशङ्का व्यक्त गरेका छन् । राजनैतिक वितृष्णाका रागहरु केहि गजलहरुमा भेटिन्छन् । खरानी भएर उड्ने यो जिवन विस्तारै सकिएर जान्छ त्यसैले कोहि हुन्नन् आफ्ना भनी प्रियसीलाई गजलमार्फत सम्झाउँदै छन् ।




गजल पुरानो मक्किएको समय भोक, तिर्खा र अँध्यारोका बारेमा समेत चर्चा गरेका छन् । नेताले बाटो बिराएको मान्छेको विसङ्गत व्यवहार र स्वार्थी प्रकृतिको चिरफार गर्ने काम गजलकारले गरेका छन् । देव बनाउने गीत उज्यालोको पक्षपोषण र सकारात्मक सोँचलाई केहि गजलमा प्रवेश गराएको पाइन्छ । नेपालीहरुका गाउँमा बारी बाझो भएको छ सहरमा बसेर गाउँको याद गर्ने क्षमता भएको कुरा व्यक्त गरेका छन् । मान्छे पापी भएको र अर्काको मनोहारी बुझ्न नसक्ने कुरा तलको गजलको शेरमा व्यक्त गरिएका छन् ।

*सक्दैनौ तिमी मान्छेको मनोहरी बुझाउन*
*हेर पापी दुनियाँको ताल के गर्छौ तिमी ।*

घातका कुरा, प्रेमिल साथका कुरा, बितेका सुन्दर पल, धोका पाएको समय र रोमान्टिक भएका त्यो बेलाका उमेरका यादगार दिनहरुको सम्झनाले गजलकार नोस्टाल्जिक भइदिन्छन् । प्रेम रसले भरिएका अधिकांश गजलको केन्द्र भनेको नै माया प्रेम नै हो । पिर परेर आँखामा सजल भएको र चिठी लेख्छ । गजलले भएको कुरा गजलकारले यसरी प्रस्तुत गरेका छन् ।

*कस्तो पिर पऱ्यो मलाई आँखा मेरो सजल भयो ।*
*चिठी तिम्लाई लेखुँ भन्दा लेख्दालेख्दै गजल भयो ।*

समग्रमा गजलको स्वरुपले मोतीराम भट्टको श्रृङ्गारिकताको बाटोलाई समात्न सफल भएको छ । सरल भाषाशैलीको प्रयोग गर्दै प्रेमील भावलाई अभिव्यक्त गरिएका गजलहरु गुणात्मक तथा ओजपूर्ण रहेको पाइन्छ । यति हुँदाहुँदै पनि एउटा गजल दुई पटक दोहोरिनु, एउटै गजलमा ठाउँठाउँमा काफियाहरु दोहोरिनु, एउटै गजल धेरै विषयवस्तु समेट्न खोज्नु, भाषिक अशुद्धता भेट्नु, सम्पादन पक्ष फितलो हुनु र गजलको शीर्षकीकरण हुनु जस्ता केहि दुर्वलता देखिए तापनि उत्कृष्ट गजलको सङ्ग्रह घामका फुलहरुको कविगत सफलताको शुभकामनासहित गजलकार तुलसी घिमिरेलाई हार्दिक बधाई ।

*(बर्तौला साहित्य सङ्गम मकवानपुरका*

# सङ्घर्षले भरिएको चिना हराएको मान्छे




विशेषता नगरकोटी

चिना हराएको मान्छे नेपाली हाँस्यकलाकार हरिवंश आचार्यको संस्मरणात्मक जीवनी हो । उक्त पुस्तक उनकी पहिली पत्नी मिराको दोस्रो पुण्यतिथिका अवसरमा वि.सं. २०७० वैशाख १६ मा सार्वजनिक गरिएको थियो ।

पुस्तकमा आचार्यको आत्मवृत्तान्तमा केन्द्रित भई बाल्यकाल, आफूलाई सफल कलाकार बनाउन भोगेका समस्या, मदनकृष्ण श्रेष्ठसँग भएको परिचय, विवाह, जीवनवृत्ति र अरू धेरै विषयलाई समावेश छ । वि.सं २०१४ कार्तिक २७ गते गैरीधारा, काठमाडौँमा जन्मिएका हरिवंश आचार्य एक नेपाली अभिनेता, हाँस्य कलाकार, निर्देशक, गायक र लेखक हुन् । उनी १९९७ मा देशभक्तिपूर्ण नाटक फिल्म बलिदानमा अर्जुनको भूमिकाका लागि परिचित छन् । मदनबहादुर हरिबहादुर शृङ्खलामा उनको अभिनयले ‘हरिबहादुर’ को भूमिका निभाएको छ । उनले फिल्म शत्रु गटेमा पनि लेखेका थिए र अभिनय गरेका थिए ।

यस पुस्तकमा प्रयोग गरिएको भाषा बुझ्न सजिलो छ, यस पुस्तकमा सामान्य भाषा प्रयोग गरिएको छ, किताबमा प्रयोग गरिएका शब्दहरु हामी जस्ता विद्यार्थीलै बुझ्न सजिलो छ । तपाईले यो पुस्तक जति धेरै पढ्नुहुन्छ, त्यति नै तपाईंले तिनीहरूको घटनामा प्रयोग गरिएको शब्दको अर्थ बुझ्नुहुन्छ । त्यसैले यो पुस्तक पढ्दा केही झन्झट हुँदैन ।




यस पुस्तकले हरिवंश आचार्यको सफलताको इतिहासलाई उजागर गर्दछ । यो पुस्तकले आफ्नो वर्तमान स्थितिमा पुग्नका लागि गरेको संघर्षलाई मात्र होइन, आफ्नो जीवनमा भोगेका सुखी र पीडादायी क्षणहरू र त्यस्ता परिस्थितिहरूमा हिँडेको बाटोलाई पनि प्रकाश पार्छ । अरूलाई खुसी बनाउने र हँसाउने व्यक्तिको जीवन आनन्द र उत्साहले भरिपूर्ण नहुन सक्छ भन्ने यो पुस्तक उत्कृष्ट उदाहरण हुन सक्छ । आफ्नो जीवनमा पीडादायी परिस्थितिको सामना गर्नुपर्दा पनि हास्य कलाकारहरूले मानिसहरूलाई खुसी र हसाउँछन् । यस पुस्तकको बारेमा सबै भन्दा राम्रो चीजहरू यो हो कि यसमा पलहरू छन् जसले तपाईंलाई हाँस्न र खुसी बनाउँछ र साथै यस्ता क्षणहरू जसले तपाईंको आँखामा पानी दिन्छ ।

हामी असल बन्नुपर्छ, अरुले जे सुकै भनोस् त्यो कुरालाई मतलब दिनु हुँदैन, आफ्नो जीवनमा सुखमा मत्तिनु हुँदैन र दुखमा आत्तिनु हुँदैन भन्ने कुरहरु सिकाएका छन् ।

यसमा कलाकारको जीवनमा लुकेको झलक चरम सीमाहरूको विस्तार र सङ्कुचनले भरिएको हुन्छ भनेर देखिन सक्छौं । पुस्तकलाई उनको जन्मदेखि लिएर बाल्यकालका प्रारम्भिक दिनहरु, करियरको विकास र वर्तमान अवस्थासम्मका विभिन्न भागमा विभाजन गरिएको छ । यसले आफ्नी श्रीमती मीराको असामयिक निधनलाई पनि केन्द्रित गर्दछ जसलाई उनले धेरै माया गर्थे । यसमा मह जोडीले विभिन्न समयमा विभिन्न राजनीतिक आन्दोलन र चेतनामूलक कार्यक्रमहरूमा खेलेको भूमिका पनि समावेश छ ।

हरिवंश आचार्यले आफ्नो प्रारम्भिक बाल्यकालमा आमाबाबु गुमाए र आफ्ना दिदीबहिनीहरुसँग बस्थे । आफ्नो विद्यालयमा शैक्षिक प्रदर्शन पर्याप्त राम्रो नभए पनि अरूलाई हसाउने असाधारण क्षमता उनले जम्मा गरेका थिए । लगातार तीन वर्षसम्म एसएलसी पास गर्न नसकेपछि उनले आफ्नो क्षमतामा काम गर्न थाले । उनी अस्थायी रूपमा नेपाली रङ्गमञ्चमा आवद्ध भए र पैसा कमाउन रंगमञ्चमा अभिनय गरे । उसलाई यो धेरै मन पर्यो किनभने, उसले आफ्नो क्षमताले कमाएको थियो । यससँगै उनले राष्ट्रिय नाच घरबाट लगातार तीन वर्ष उत्कृष्ट कार्य सम्पादनको अवार्ड जितेका छन् । यसै क्रममा उनले अन्य असाधारण साथी मदनकृष्ण श्रेष्ठसँग भेट्ने मौका पाए र सँगै काम गर्न थाले । उनीहरूले महा सञ्चार नामको फर्म स्थापना गरे जहाँबाट विभिन्न टेलिफिल्म, डकुमेन्ट्री र स्टेज शोहरू निर्माण गरे ।

पञ्चायत शासनकालमा महाले देशभित्र र बाहिर विभिन्न चरणमा नेपाली जनताको खेलको सहारा लिएर बोल्थे । विभिन्न राजनीतिक क्षणहरूमा उनीहरूको भूमिका अविश्वसनीय थियो । उनीहरुले २०४७ र २०६२/६३ को राजनीतिक घडीमा बहुदलीय लोकतन्त्र र नेपाली जनताको हितका लागि सधैं उपस्थिति देखाए । हालसम्म उनीहरुको देशका शीर्ष राजनीतिक नेताहरुसँग न्यानो सम्बन्ध रहेको छ । तर, उनीहरुले खेलेको भूमिकाबाट हरिवंश सन्तुष्ट छैनन् । नेताहरूको लोभ स्वभावसँग उनको ठूलो असन्तुष्टि छ । राष्ट्रका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई दबाउन सक्ने (विपी कोइराला, मदन भण्डारी र कृष्णप्रसाद भण्डारीजस्तै) देशलाई दूरदर्शी नेता चाहिने उनले पटकपटक दोहोऱ्याएका छन् ।


*कक्षा-१०, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# चित्रकला





वाङचु रुम्बा
कक्षा-७, फेमकोल एकेडेमी
हेटौंडा-१३






सविना दोङ
कक्षा-८, सिद्धार्थ शिशु सदन मावि
हेटौंडा-५



दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन
हेटौंडा-५

# गरिब बुबाको सपना

कथा



संस्कृति सिलवाल

आजभन्दा धेरै पहिलेको कुरा हो । एउटा सानो गाउँमा बस्दै आइरहेका बुबा, छोरी एउटा छाप्रो जस्तो घरमा आफ्नो जिन्दगी बिताइरहेका थिए । केही अगाडि नै उसकी श्रीमती लक्ष्मीको मृत्यु भएको थियो । श्रीमती बित्नासाथ घर लथालिङ्ग भएको देखेर बुबा मिलन र छोरी अस्मिताको पनि पढाइमा असर परेको थियो । बुबाको अवस्था पनि धेरै गम्भीर भएको देखेर छोरीले बुवालाई भनिन्, "बुबा हेर्नुस् न अब त म पनि ठूलो भइसकेँ भन्दा भन्दै अब मैले १० कक्षा पनि सिद्धिन लागिसक्यो । यो १० कक्षामा उत्तिर्ण भएर हजुरको मुहारमा खुसी भएको हेर्न चाहन्छु बुबा ।" बुबाले सुन्नासाथ छोरीलाई काखमा राखे अनि निधारमा म्वाई खानुभयो । त्यसपछि मिलन अर्काको खेतमा गएर मकै रोप्नतिर लाग्यो ।

मिलनले दिनभरि कमाएको पैसाले चामल, नुन, मसला आदि केही सामान लिएर घर फर्किन्थ्यो । छोरी आफ्नो बुबा नआएसम्म पिढीमा बसेर पढिरहेकी हुन्थिन् । बुबा आउनासाथ बुबासँग भान्छामा बुबालाई मद्दत गर्थिन् । दुवैजना खाना खाइसकेपछि छोरी भाँडा माझ्थिन् । बुबा चाहिँ कामको थकाइले गर्दा सुत्न गइसकेको हुन्थ्यो । छोरी भने टुकीबत्ती बालेर पढ्न थाल्थिन् । यसरी नै समय बित्दै थियो । केही समयपछि अस्मिता आफ्नो १० कक्षाको परीक्षाको प्रतिक्षापछि उसको ठूलो सपना पूरा हुन्छ । उनको त्यो खुसीको कुरा बुबा आउन साथ भनेपछि बुबा खुसी हुँदै छोरीलाई बधाई दिन्नुहुन्छ र गाउँभरि सबैलाई खुसीको खबर सुनाउँछ । त्यो देखेर गाउँभरिको सबै मानिस उसलाई फूलमाला लगाएर बधाई दिन्छ । त्यो देखेर उनी धेरै खुसी हुन्छिन् ।

बुवाले छोरीलाई अब म तिमीलाई सहरमा लिएर जान्छु भनेपछि छोरी एकदमै खुसी हुन्छे । बुबा-छोरी दोस्रो दिन बिहानै गाउँ छाडेर जान झोला सबै बोकेर हिँड्न थाल्छ । उनीहरूलाई आफ्नो गाउँ छाडेर जान धेरै नै गाह्रो भइरहेको थियो । किनभने मिलनको श्रीमतीको आत्मा त्यहीँ नै बसेको थियो । त्यसैले उसले आफ्नो छोरीको पढाइका लागि भएपनि गाउँ छाड्न बाध्य भएको थियो । बुबा छोरी सहरमा गएर बुबाले आफ्नो छोरीलाई एउटा कोठा खोजेर राख्यो । अनि मिलन काम खोज्न थाल्यो । मिलनले काम पाएपछि उसले कमाएको पैसाले आफ्नो छोरीलाई राम्रो कलेजमा भर्ना गऱ्यो र कोठामा जाने बेलामा दाल, चामल, तरकारी लिएर गयो । बुबा छोरी मिलेर सबै गर्थ्यो । यसरी नै समय बित्दै गयो । छोरी अस्मिता आफ्नो बुबाको सपना अरु केही नभएर डाक्टर बनाउने सपना भएकोले उनले आफ्नो पढाइमा निरन्तर रुपमा ध्यान दिन्थ्यो ।

धेरै समयपछि अचानक मिलन बिरामी पर्छन् । मिलनलाई ठूलो रोगले भेटिसकेको थियो । आजभन्दा भोलिभन्दा बुबा बुढो र रोगी हुनु भइसकेको थियो । मिलनको त्यस्तो हालत देखेर छोरी अस्मिता धेरै पिर लिन्थिन् । केही दिनपछि मिलनको मृत्यु भयो । अस्मिताले बुबाको त्यस्तो कुरा सुनेपछि उनी एकछिनसम्म केही बोल्न सकिनन् । अनि सबै काम सिद्धिएपछि अस्मिता टुहुरी भइन् । उनले अब आफ्नो पढाइलाई निरन्तर लग्दै त्यही काम गर्दै सबै गर्न थालिन् । बिस्तारै उनले आफ्नो मात्र सपना नभएर बुबाको सपना पूरा गरिन् । उनी एउटा डाक्टर मात्र नभएर एक असल छोरी नि बनिन् । उसले आफ्नो जिन्दगी यसरी नै चलाइरही ।

*कक्षा-१२, हेटौँडा स्कूल अफ म्यानेजमेन्ट, हेटौँडा-४*

# सातको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी

सम्पर्क : ९७४५०२८५५५



**मेष राशिः** समय मध्यमकारक नै मान्नुपर्दछ । श्रममूलक काम र दौडधूप गर्नुपर्ला । धन पारमार्थिक काममा खर्च होला । दाम्पत्य सम्बन्ध ठिकै रहला । नयाँ योजना प्रारम्भ होला । पुराना साथीको काममा दौडधूप होला । अध्ययन–अध्यापन मध्यमकारक नै मान्नुपर्दछ ।

**वृष राशिः** गुमेको धन फिर्ता होला । समृद्धि बढाउने क्रममा सक्रियता बढ्ला । यात्रा योगमा सरिक भइएला । भौतिक साधनप्रति मन बढ्ला । कला साहित्यप्रति रुचि बढ्ला ।सामाजिक र धार्मिक काममा बढोत्तरी र मन जागरुक होला । घर–परिवारका सदस्यले सहयोग गर्लान् । पढाइ–लेखाइ ठिकै रहला ।

**मिथुन राशिः** उचित काममा सहि निर्णय होला । कामको दबाब बढ्ला । लगनशीलता र श्रमले फाइदा पुग्ला । आत्मविश्वास जाग्ने समय छ । एकान्तमा बसेर रमाइएला । शारीरिक उर्जामा वृद्धि होला । धार्मिक एवम् सामाजिक काममा मन जाने छ । बैवाहिक समस्या हल होला । शिक्षार्थीका लागि पनि राम्रो समय छ ।

**कर्कट राशिः** परिबन्ध र बाध्यताका काममा रुमल्लिएला । वैदेशिक योगबाट लाभ होला । कृषि–व्यापार–व्यवसाय ठिकै रहला । सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ । अर्कोको कमजोरी नखोतल्दा राम्रो हुन्छ । मनमा आलस्य र डरले जरो गाड्ला । पढाइ–लेखाइ ठिकै रहनेछ ।

**सिंह राशिः** शेयर कारोबारबाट लाभ होला । श्रमको उचित मूल्यांकन होला । कामधन्धाबाट सन्तुष्टि मिल्ला । बौद्धिक र शैक्षिक क्षेत्र मध्यमकारक छ । अरुको कामका लागि समय दिइएला । सहयोगले महत्वपूर्ण काम सम्पादन होला । सकारात्मक बन्ने  प्रयास गर्दा राम्रो । धार्मिक र सामाजिक काममा सरिक ।

**कन्या राशिः** परिश्रमको प्रतिफल ठिकै रहला । ठूलाबडाको सेवामा समर्पित बनिएला । लक्ष्य र योजनाहरु कार्यान्वयन होलान् । व्यापार–व्यवसाय ठिकै छ । महत्वकांक्षा नराख्दा राम्रो होला । आन्तरिक जीवन ठीकै रहला । परीक्षा र प्रतियोगितामा कडा परिश्रम गर्नुपर्ला । धर्मप्रति वितृष्णा बढ्ला ।

**तुला राशिः** आडम्बर र अहंकार त्याग गर्दा राम्रो । आत्मविश्वास र शिघ्र निर्णयले लाभ होला । धार्मिक र सामाजिक यात्रामा सरिक बनिने छ । व्यापार–व्यवसायमा बढोत्तरी होला । कामको सिलसिलाले शारीरिक अस्वस्थता बढ्ला । सहयोगी स्वभावको विकास हुने समय योग छ ।

**वृश्चिक राशिः** दुराशा र महत्वकांक्षालाई थाती राख्दा राम्रो । कामलाई निरन्तरता दिनुहोला । व्यापार–व्यवसाय मध्यमकारक छ । खर्च वृद्धि हुनेछ । धार्मिक एवम् सामाजिक काममा सरिक भइएला । वादविवादमा एक कदम पछाडि हट्दा राम्रो । पढाइ–लेखाइ ठिकै छ । असम्भव आश नराख्दा राम्रो ।

**धनु राशिः** आधुनिक उपकरण प्राप्ति होला । महत्वपूर्ण काम समाप्त होला । मतभेदको अन्त्य हुने छ । कल्पनाशील र भावुक बनिएला । घर परिवारको चाहना अनुरुप खर्चमा वृद्धि होला । स्वास्थ्यगत समस्या देखापर्ला । घुमघाम र रामरमाइलोमा समय बित्ला । लेखाइ–पढाइ ठिकै रहनेछ ।

**मकर राशिः** आर्थिक जगेर्ना गर्न उपयुक्त समय छ । प्रयासले स्थायी कामको हात पर्ला । प्रतिष्ठा जोगाउन परिश्रम गर्नुपर्ला । स–साना कुराले चिन्ता ग्रस्त बनाउला । आफन्तले खुट्टा तान्नेछन् । हडबढ नगर्दा राम्रो रहन्छ । सामाजिक एवम् परोपकारजन्य काममा आकर्षण बढ्ला । अपजसबाट बँच्दा राम्रो ।

**कुम्भ राशिः** प्राविधिक सीपमूलक काममा आकर्षण बढ्ला । नयाँ काममा प्रयास गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय ठिकै छ । बुद्धिको प्रयोगले लाभ प्राप्त होला । कुरा काट्नेसँग सचेत हुँदा राम्रो रहन्छ । संगीत, नृत्य र साहित्यमा सरिक भइएला । पढाइ–लेखाइ मध्यमकारक मान्नुपर्दछ ।

**मीन राशिः** शरीर स्वस्थ रहेपनि चिन्ता वृद्धि हुनेछ । आफन्तको व्यवहार देखि दिक्क लाग्ला । व्यापार–व्यवसाय ठिकै छ । आर्थिक सन्तुलन कायम रहला । प्रत्यक्षनुभूतिमा विश्वास बढ्ला । प्रेमजीवनमा बाध्यतामा परिएला । आध्यात्मिक लाभ प्राप्त होला । पढाइ–लेखाइ मध्यम देखिन्छ ।

# गाउँखाने

१. सुगन्धी छ डल्ले भाइ हावा पाए उड्छ, भूइँमा फ्याकिदिए सललल गुड्छ ।
• कपूर

२. सुटुक्क जान्छु कुटुक्क टोक्छु, आएँ भने आइहाले, आइन भने फन्दामा परे ।
• कमिला

३. सुनको बटुकी चाँदीको खिल, टपटप टिपी सुटुक्क निल ।
• ऐँसेलु

४. सुनको लौरी रुपको तोड, यो कथा नजान्ने कुखुरा चोर ।
• इन्द्रेणी

५. दाजुभाइ सँगै हुन्छन् मिल्न खोजे नासिन्छन् ।
• बिजुलीको करेन्ट तार

# किनकि म छोरी हुँ रे !



झरना भट्टराई

धेरैबेरको मेरी आमाको व्यथा
पछि एउटा आवाज आयो
च्याँ च्याँ ती सानो केही
नबुझ्ने बालकको च्याँ च्याँ
आवाज भन्दा बाहिरबाट ठूलो अर्को चर्को आवाज आयो छ्या !

जन्मिएकै छैठिको दिन खै ! मेरा भावीले के लेखे लेखे !
मेरा बुबालाई खुशी भएको होइन निराश भएको देखेँ
कारण बुझ्न् खोजेँ किनकि म छोरी हुँ रे ।

मलाई नै डर लाग्न थाल्यो
ला, अब त घरमा खुशी नढल्ने भयो,
ती कमजोर सुत्केरीका लागि पोषिलो खाना
खुवाउन चुलो नबल्ने भयो ।

म भन्दा दुई दिनपछि जन्मेको पल्लो घरको
भाइको हात, खुट्टामा कल्ली छन् भने
मेरो हात खुट्टा सबै छन् खाली
मलाई मेरी हजुरआमाले भन्नु भएको रे
'यो अर्काको घर जाने जात त हो'


यसलाई धागो बानिदिए भैगोनि
किनकि म छोरी हुँ रे !
धेरै कठिन परिस्थितिलाई सामना गर्दै गर्दै
जब म १३ वर्षकी भए
मेरो शरीरबाट रातो रङ्ग निस्कियो
फेरि सन्दर्भ सबै नारीको हो,
कुरा अहिले महिनावारीको हो ।

फेरि यो नबुझ्दाको कालो रहेछ,
बुझिसके पछिको सुनौलो दिन,
घरका सदस्यले मान्न थाल्नु भयो मप्रति छिन् ।
मलाई बन्द र कालो कोठामा राखिदियो
४/५ दिनका लागि
किनकि म छोरी हुँ रे !

मैले कसैसँग हाँसेर बोल्न हुदैंन रे
ठुलाबडाको अगाडि आफ्नो
शिर उच्च पारेर केहि भन्न हुँदैन रे
किनकि म छोरी हुँ रे !

*कक्षा-९, सिद्धार्थ शिशु सदन मावि, हेटौँडा-५*

# सिरानी तिमी एक असल साथी



दीपा न्यौपाने

तिमी निर्जीव हौ, थाहा छ मलाई
भन्दैनौ तिमीले कहिले मलाई चलाई
न त ठुलो हुन्छौ तिमी न त सानो भाको
लुगा पनि मेरो इच्छा अनुसार लगाएको

मेरो दुख बुझयौ तिमीले मेरो पीडा सहयौ
म रुदा तिमीले मेरो आँसु पुछ्यौ
म दिनभरी राहत तिमीले दियौ
सब कुरा सुन्ने असल साथी बन्यौ

दिनभरी हराएपनि राती सँगै हुन्छौ
बिहान फेरी मन आतिन्छ, छिट्टै काममा जान्छु
तिमीसँग भएपछि सह्रै मन खुशी हुन्छ
तिम्रो साथ पाएपछि कति छिट्टै सुत्छु

निश्वार्थ साथ यो संसारमा तिमीले मात्र दिन्छौ
रातपरेपछि सधैँ मेरै बाटो कुर्छौ
आराम गर्छु म शिरलाई तिमी माथी राखि
त्यसैले त तिमी मेरो साथी

*सिद्धार्थ माध्यमिक विद्यालय, हेटौँडा-२*

# दुःख



सुगम दाहाल

बाँचुन्जेल म, मलाई दुःख दिन नपुगे
कात्रोमा कोरिदेऊ बाँकी दुःख
बलिरहेको आगोमा दुख्ने छैनन्
ती चोटहरु जति जलिरहेको मन्मा
दुखिरहेको छ ।

स्पष्ट देखिने छ पड्केको टाउको
तर भाव त्यति बुझ्ने छैनौ मस्तिष्कको
जति जिउँदैमा म मरुन्जेल
बुझाउने छु, सुनाउने छु ती दूतलाई
अल्मल्याउने छु हेर्न तिम्लाई अन्तिम पल्ट ।

दुःख रोक्न मन भए
आइदिनु तिमी मसँग
मेरो छालाको हरेक पत्र-पत्र उक्किँदा
रोकिँदा मेरो सास अनि
सकिँदा मेरो जीवन पनि ।

साहसी तिमी हुनेछौ त्यति बेला
जब दिएको पीडाको दोसाँध बुझ्ने छौ
बुझ्ने छौ अनेक भावना
अनि सोच पनि म बाँचुन्जेलको ।

बुझ्ने छौ तुलसी अगाडि
राखुन्जेलका कुराहरु
समेट्ने छौ जलेका मेरा
मन्का टुक्राहरु
अनि उठ्ने छौ
त्यो सपनाबाट जहाँ तिमीले मलाई
दुःख दिने कल्पना गरेउ ।

# गुरू



श्रेया तिमल्सिना

आमाले सहनशीलभई बाच्न
सिकाउनु भयो ।
दाजु र बाबाले इमान्दारितामा
रहन सिकाउनु भयो ।
दिदिले ग्यानि हुन सिकाइन
गुरुले अक्षेर चिन्न सिकाउनु भयो
अभावले रहरहरु मार्न सिकायो
बाध्यताले सङ्घर्ष सिकायो
कविले फलेको वृक्षको हाँगो
नझुकेको काहा छ र भनि
झुक्न सिकाउनु भयो
सबै कुरा सिक्दै जाँदा धेरै चोटी जिते
जित भित्रको अर्थले हार्न सिकायो
साथि भाईले मित्रता सिकाए
कोहि आए माया सिकाएर गए
मायाले घृणा सिकायो
शिक्षाको निम्ति गाउँ छुट्यो
घरहरू नम्बरमा चिनिन थाले
बाबुआमाको नाउ छुट्यो
सहरले ब्यस्तता सिकायो ।
आमाले जिबन सिकाउनु भयो
अभावले जिन्दगी सिकायो
गुरुले एकता सिकाउनु भयो
समयले एक्लोपन सिकायो ॥
आजसम्म जस्ले जति सिकाउनु भयो
सबै मेरा गुरु हुन् ।

# मेरो बगैंचा



कुशाग्रराज अर्याल

बिहानीको माधुर्य छ कस्तो रमाइलो
चराहरुको आवाजले मोहित बनायो

मेरो यो सानो बगैंचामा हराएँ कताकता
शितलताको आवासले भएँ आनन्दित

सानासाना चराहरु आकासमा उडेका
खेलेका छन् बगैंचा र फूल डुलेका

भमरा र पुतलीहरु बगैंचामा हुन्छन्
फूलहरुका रस चुसी आफ्नै घर भुल्छन्

रङ्गीविरङ्गी फुलहरु मन मरो रमाउँछ
अन्त कतै जाँदा फूलहरुले मलाई बोलाउँछ

*कक्षा-७, नवोदय शिशु सदन, हेटौँडा-४*

### आयोग जिम्मेवार नहुँदा सुशासन कमजोर हुँदैछ

# आयोगको अध्यक्ष र ऐन संशोधन गर्न निर्देशन

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभाको प्रदेश मामिला समितिका पदाधिकारीले सरकारले शिघ्र रुपमा प्रदेश लोकसेवा आयोगलाई समितिको बैठकमा उपस्थित गराएर जिम्मेवार बनाउन भूमिका खेल्नु पर्ने बताएका छन् । उनीहरुले लोकसेवा आयोगलाई जिम्मेवार प्रभावकारी बनाउन ऐन संशोधन गर्नुपर्ने बताएका छन् ।

बुधबार भएको बैठकमा आफ्ना धारणा राख्नुहुँदै समितिका सदस्य युवराज चौलागाईले शासकीय सुधार र सुशासनका लागि आयोगका गतिविधि जिम्मेवार र जवाफदेही बनाउनु पर्ने बताउनुभयो । उहाँले आयोगको प्रतिवेदन संसदमा पेश नहुने, छलफलमा उपस्थित नहुने लगायतका क्रियाकलापले सुशासन कमजोर पार्ने बताउनुभयो । ऐनमा आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेपनि आयोगले गम्भिरताका साथ लिन नसकेको उहाँको भनाई छ ।

'चौथो प्रतिवेदनमा छलफल हुनुपर्छ । २०८०/०८१ को प्रतिवेदन माथि छलफल हुनुपर्ने भएपनि २०७९/०८० (२ वर्ष अघि) को प्रतिवेदनमा छलफल गर्नुपरेको छ । यो अवस्था किन आयो ? यसबाट प्रदेश सरकारको सुशासन र शासकीय सुधारको अवस्थालाई कमजोर बनाउँछ ।' उहाँले भन्नुभयो । बैठकमा समितिका सदस्य रत्न प्रसाद ढकालले सरकारले नै प्रदेश लोकसेवा आयोगको महत्व बुझ्न नसकेको बताउनुभयो । सरकारले लोकसेवा आयोग नभएपनि हुन्छ भने झैं गम्भिरताका साथ लिन नसक्दा समस्या भएको उहाँको भनाई छ । सरकारले संघीय निजामती ऐन जारी गर्छ र हामी कर्मचारी व्यवस्थापन गर्छौं भनेर बसिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले आयोगको अध्यक्ष नियुक्त नगरेर सुशासनका विषयलाई कमजोर बनाएको उहाँको जीकिर छ ।

बागमती प्रदेश सभाको संसदीय ममिला समितिका सभापति छिरिङ दोर्जे लामाको अध्यक्षतामा बसेको बैठकले प्रदेश लोकसेवा आयोगको अध्यक्ष तत्काल नियुक्त गर्न निर्देशन दिनुभएको छ । आयोगको अध्यक्ष नियुक्त नहुँदा कर्मचारी व्यवस्थापन तथा नियुक्ति र बढुवा प्रक्रिया समेत प्रभावित भएकाले तत्काल अध्यक्ष नियुक्त गर्ने बैठकले निर्देशन दिएको हो ।

बैठकले निजामती ऐनको समयानुकूल संशोधन गर्न निर्देशन दिएको छ । बैठकले संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय तहको सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ का विभिन्न दफाहरु आपसमा बाझिएको र अस्पष्टताका कारण समस्या भएकाले आवश्यक संशोधनका लागि अध्ययन गरी विधेयक मार्फत संसदमा पेस गर्न सरकारलाई निर्देशन दिनुभएको छ ।

'आयोगको व्यवस्थापनका लागि कानुनी विषयमा केही सुधार गर्नुपर्छ । ऐन संशोधनका लागि समितिले दिएको सुझाव अनुसार मुख्यमन्त्री र प्रमुख सचिवले ध्यान दिनु पर्छ । तीनै तहका ऐनको गहन अध्ययन गरेर ऐन संशोधनका लागि संसदमा विधेयक पेश गर्नु ।' सभापति लामाको निर्देशन छ, 'पदाधीकारीको विषयमा पनि कानुनी जटिलता देखिएको छ । पदाधिकारीहरुको पारिश्रमिक उपसचिव स्तरको भन्दा कम रहेकाले सुधार गर्नुपर्नेछ । अध्यक्ष नहुँदा काम प्रभावित भएको छ । संसद र सरकार माथि नै प्रश्न चिन्ह खडा भएको छ । तत्काल पदपूर्ति गर्नु ।'

उहाँका अनुसार परीक्षार्थीको निवेदन समेत परेको र अदालतको परमादेश समेत कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ । ऐनका असान्दर्भिक दफाहरु परिमार्जन गरेर रोकिएको परीक्षा र परीक्षाफल प्रकाशन गर्न उहाँले निर्देशन दिनुभयो ।

# बागमती गाउँपालिकाबाट २ सय ५३ जनाले मौका परीक्षा दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाबाट मौका (ग्रेडवृद्धि) परीक्षामा २ सय ५३ जनाले फारम भरेका छन् । गाउँपालिकाभित्र रहेको ५ वटा माध्यमिक विद्यालयबाट ३ सय ११ जनाले मौका परीक्षा दिन पाउने भए पनि २ सय ५३ जनाले फारम भरेको शिक्षा शाखा प्रमुख प्रमोद राईले जानकारी दिनुभयो ।

२०८० सालको एसईई परीक्षामा ३ सय ३९ जना सहभागी भएका थिए । परीक्षामा २७ जनामात्र उत्तीर्ण भएका थिए । अनुत्तीर्ण सबैले मौका परीक्षा दिन पाउने भए पनि ५८ जना विद्यार्थीले परीक्षा फारम नभरेका हुन् । परीक्षा आउँदो बुधबारदेखि सुरु हुँदैछ ।

मौका परीक्षाका लागि तीनवटा विद्यालयका शिक्षकहरु मिलेर एउटा विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्दै आएका छन् । राईका अनुसार गाउँपालिकामा रहेको ५ वटा विद्यालयका विद्यार्थीहरुका लागि अत्तिरिक्त कक्षा सञ्चालनमा अभिभावक र विद्यार्थीहरुलाई जानकारी गराउँदा खासै चासो नदिएका कारण सबै विद्यालयमा पठनपाठन नगरिएको उहाँले जानकारी दिनुभयो । शिक्षकहरुले पढाईप्रति चासो दिएर पढ्न चाहने विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि ३ करोड ६० लाख ८३ हजार रुपैयाँ बजेट शिक्षाका लागि छुट्याएको र संघीय स्रोततर्फ १८ करोड बजेट रहेको छ । पालिकाले ३५ लाख रुपैयाँ बजेट अनुदानस्वरुप पालिकाभित्र रहेका ५० वटा विद्यालयहरुमध्ये धेरै आवश्यकता भएकालाई बाँडफाँड गर्ने उहाँले जानकारी दिनुभयो । पालिकाले यस आर्थिक वर्षदेखि विद्यालयहरुलाई प्रश्नपत्र र उत्तरपुस्तिका उपलब्ध गराउने भएको छ ।

गाउँपालिकामा पहिलो त्रैमासिक परीक्षा सकिएको छ । गाउँपालिकाको शैक्षिक क्यालेण्डर अनुसार असार २३ गतेदेखि ३० गतेसम्म परीक्षा सञ्चालन भएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राईले जानकारी दिनुभयो । गाउँपालिकाले भदौ ३ गतेदेखि नियमित कक्षा सञ्चालन गर्नेछ । गाउँपालिकाभित्रका कुनै पनि विद्यालयमा अतिरिक्त कक्षाहरु सञ्चालन नभएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार वर्षे बिदा शिक्षकले पाउने बिदा भएको, टाढाटाढाबाट विद्यालयमा पढाउन आउने शिक्षकहरु बिदाको अवधिमा परिवारसँग बस्न चाहने, भूगोलको हिसाबले विद्यार्थीहरुलाई आवतजावतमा समस्या, पालिकाको क्यालेण्डरमा तोकेको बिदा भएको आदि कारण रहेको छ । गाउँपालिकाले कक्षा सञ्चालनको लागि बजेट नछुट्याएको र अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका घोषणाका कारण अभिभावकसंग पैसा लिन नमिल्ने भएकाले कक्षा सञ्चालन नभएको हो ।

गाउँपालिकाभित्र रहेको एउटा विद्यालयमा मात्र आवश्यक दरबन्दीका मावि शिक्षक रहेको र बाँकी विद्यालयमा दरबन्दी शून्य रहेको उहाँले बताउनुभयो । गाउँपालिकाले २०७५ सालबाट ३१ जना शिक्षक विद्यालयमा उपलब्ध गराएको थियो भने यस वर्ष २ जना थप गरी ३३ जना बनाएको छ ।

गाउँपालिकामा ५ वटा मावि, ११ वटा निमावि र ३४ वटा प्रावि गरी ५० वटा सामुदायिक विद्यालयहरू रहेका छन् । गाउँपालिका भरिका सामुदायिक विद्यालयमा यसवर्ष ८ हजार जना विद्यार्थी अध्ययनरत रहेका छन् । गतवर्ष ८ हजार २ सय जना विद्यार्थी अध्ययनरत रहेका थिए ।

### कार्यवाहक अध्यक्षको व्यवस्था गर्न सकिन्छः प्रमुख सचिव कार्की

# अध्यक्ष नियुक्तिमा समस्या भयोः मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभाको प्रदेश मामिला समितिको बैठकमा प्रमुख सचिव गोविन्द बहादुर कार्कीले अध्यक्ष नियुक्तिमा राजनीतिक उतारचढावका कारण सरकारले ध्यान दिन नसकेको बुझाई प्रस्तुत गर्नुभयो । उक्त विषयहरुमा तत्कालिन मुख्यमन्त्री, सभामुख र विपक्षी दलको नेतालाई जानकारी गराएको उहाँले बताउनुभयो ।

राजनीतिक रुपमा उहाँहरुले किन गर्नुभएन जानकारी नभएको उहाँको भनाई छ । ऐनमा अध्यक्ष नहुँदा कार्यवाहक हुने व्यवस्था गर्न सके बाधा अड्काउ फुकाउन सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार प्रदेश निजामती ऐन कार्यान्वयनमा समस्या भएको बताए । विशेषगरी ११ औं तहको बढुवामा समस्या भएको उहाँले बताउनुभयो ।

'वन सेवा अन्तर्गतका एक कर्मचारी अवधि र मापदण्ड पुगेपनि कानुनी बाधा हुँदा ११ औं तहको बढुवा सिफारिस हुन नपाई अवकास पाउनुभयो । अन्य सेवा क्षेत्रमा पनि बढुवा पाइपलाइनमा रहेका कर्मचारीहरुको बढुवा हुन सकेको छैन', उहाँले भन्नुभयो, 'संघीय निजामती ऐन निर्माण हुने र उमेर हद लगायतका विषयमा स्पष्टता मिल्ने अपेक्षासहित प्रदेशमा ५८ उमेर हद कायम गरिएको थियो । तर, ऐन जारी नहुँदा समस्या भएको हो । केही विषयहरु नियमावलीले स्पष्ट बनाउने भएकाले त्यसतर्फ लाग्न जरुरी रहेको छ । नियमावलीको ड्राफ्ट तयार भएको छ । त्यसलाई अन्तिम रुप दिएर जारी गर्ने प्रक्रियामा अघि बढाउँछौ ।'

बैठकमा मुख्यमन्त्री बहादुर सिंह लामा तत्कालिन समयमा राजनीतिक समीकरण फेरबदलका कारण बैठक बस्न नसक्दा अध्यक्ष नियुक्त हुन नसकेको बताउनुभयो । तत्काल छलफल गरेर आयोगको अध्यक्ष नियुक्त गर्न र समस्या समाधान गर्न सरकारको जोडबल रहने उहाँले बताउनुभयो ।

छलफल गरेर ऐनमा रहेको समस्या हल गर्ने र संशोधन गर्नुपर्ने दफाहरु एकिन गरी प्रक्रिया अघि बढाउने उहाँले बताउनुभयो । उहाँका अनुसा ऐन निर्माण गर्दा संघीय निजामती ऐनमा चौथो तह हट्नेछ भन्ने अनुमानका आधारमा पाँचौ तह कायम गरेर गरिएको हो । तर, ऐन जारी नहुँदा तल्लो तहका पदमा समस्या भएको हो ।

# अचेत भेटिएका साहको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको खैरहनी नगरपालिका-१, आस्था फाउण्डेशन नजिकै अचेत अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहट जिल्ला घर भई हाल खैरहनी डेरा गरी बस्ने ४० वर्षीय प्रमोद साह रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । बिहीबार दिउँसो २ बजेर ३० मिनेटको समयमा साह सम्बृद्धिटोलमा अचेत अवस्थामा सडकको छेउमा लडिरहेको अवस्थामा फेला परेका थिए । साहलाई उपचारका लागि सरकारी अस्पताल भरतपुर लगिएकोमा उपचारको क्रममा बिहीबार दिउँसो ३ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# एसईईमा उत्कृष्ट विद्यार्थीलाई सम्मान

समाज संवाददाता

हेटौँडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) मकवानपुरगढी गाउँपालिका कमिटीले २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ । शुक्रबार मकवानपुरगढी गाउँपालिकाको भानु माध्यमिक विद्यालयको सभाहलमा पालिकाको विभिन्न विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको हो ।

पालिकाको ९ वटा विद्यालयहरुबाट एसईईमा सहभागी भएर राम्रो नतिजा हासिल गर्न सफल ४८ जना विद्यार्थीलाई सम्मानपत्र प्रदान गरिएको छ । अखिल क्रान्तिकारी गाउँ कमिटीका अध्यक्ष कल्पना दर्लामी मगरको सभाध्यक्ष तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज विजय गौतमको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै इन्चार्ज गौतमले शिक्षा क्षेत्रको विकासका लागि सबै जनप्रतिनिधिहरुले शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ । उहाँले सडक, पुल, तटबन्धन निर्माण गरेरमात्र विकास नहुने बताउनुभयो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएको कारण सबै पक्षले लगानीसहित ध्यान पुऱ्याउन आवश्यक रहेको उहाँले औंल्याउनुभयो ।


# राष्ट्रिय उपभोक्ता मञ्च पुनःगठन

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय उपभोक्ता मञ्च जिल्ला कार्यसमिति मकवानपुर पुनःगठन भएको छ । शुक्रबार एक कार्यक्रमबीचमा हेटौँडा-२ स्थित हरिकुञ्जरोडमा रहेको मञ्जको कार्यालयम पुनःगठन भएको हो ।

शुक्रबार मञ्चका अध्यक्ष नन्दरत्नको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । सचिवमा दीपेन्द्र श्रेष्ठ, कोषाध्यक्षमा चतुराम घलान चयन भएका छन् । यस्तै, सदस्यहरुमा नवराज कोइराला, गीता श्रेष्ठ, बालमुकुन्द ढकाल र मिथिला दहाल चयन हुनुभएको छ । मञ्जको सल्लाहकारमा प्रेमनन्द महर्जन र देवप्रसाद श्रेष्ठलाई चयन गरिएको छ । कार्यक्रममा केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनको पनि उपस्थिति रहेको थियो ।

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...

छिट्टै सञ्चालनमा आउँदै ।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा

२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

शोरूम सरेको सूचना

हेटौँडा-१०, मनरोडास्थित चित्र भवनमा रहेको Aprilia र Vespa ब्राण्डको स्कुटर शोरुम हेटौँडा-४, मेनरोडस्थित सुमार्गी कम्प्लेक्समा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ ।
RS Lifestyles
हेटौँडा-१०, सुमार्गी कम्प्लेक्स
९८०२९८८७६०

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ